# आर्थिक बर्ष २०७०।०७१ को सामाजिक परीक्षण

## अन्तिम प्रतिबेदन २०७१

## सिद्धार्थनगर नगरपालिका भैरहवा



*थानेश्वर पाण्डे*

*सामाजिक परीक्षक*

मितिः २०७१।०५।०५

मितिः– २०७१।५।५ गते

श्री कार्यकारी अधिकृत ज्यू
सिद्धार्थनगर नगरपालिका कार्यालय , सिद्धार्थनगर रुपन्देही

**<u>बिषय :– अन्तिम प्रतिबेदन पेश गरिएको संम्बन्धमा ।</u>**

महोदय,

उपरोक्त सम्बन्धमा भैरहवा मिडिया प्रा.ली. र सिद्धार्थनगर नगरपालिका संग भएको संम्झौता अनुसार सिद्धार्थनगर नगरपालिकाको आर्थिक बर्ष ०७०।०७१ मा तर्जुमा गरेका विकास नीति योजना तथा कार्यक्रम एवं नगरपालिकाबाट प्रबाहित सेवाले आर्थिक तथा सामाजिक क्षेत्रमा गरेको योगदानको समग्र लेखाजोखा बिश्लेषण र मुल्याङ्कन गरी स्थानीय निकाय सामाजिक परीक्षण कार्यबिधि २०६७ बमोजीम सामाजिक परीक्षणको प्रारम्भीक कार्य संम्पन्न गरी प्रारम्भिक प्रतिबेदन मिति २०७१।५।४ गते पेश गरेकोमा सो प्रतिवेदन उपर वृहत छलफल गर्न मिती २०७१।५।५ गते सि.न.पा. द्धारा आयोजना गरिएको भेलामा प्रस्तुतिकरण भई सो माथि व्यापक रुपमा छलफल भयो । सो भेलामा रहेका सहभागीबाट आएका विभिन्न सुझावहरुलाई लिपीबद्ध गरी सो समेत समावेश गरी यो अन्तिम प्रतिबेदन कार्यबिधी बमोजिम तोकिएको अनुसुचिको ढाँचामा तयार गरी यसै पत्रका साथ पेश गरेको व्यहोरा अनुरोध छ ।

दिपेश पछाई
अध्यक्ष
भैरहवा मिडिया प्रा.ली. , सिद्धार्थनगर

मिती २०७१।५।६

## मेरो भनाई

सिद्धार्थनगर नगरपालिकाले हरेक आर्थिक बर्षमा गर्दै आएको सामाजिक परीक्षण अन्तरगत आर्थिक बर्ष २०७०।०७१ को सामाजिक परीक्षण गर्न पाउदा अत्यन्तै खुसी छु । यस कार्यले नगरपालिकाले नगरका १३ वटै वडाहरुमा गर्ने बिभिन्न भौतीक पुर्बाधार, सामाजिक बिकास अन्तरगत शिक्षा, स्वास्थ्य, लक्षीत बर्ग, महिला, बालबालीका लगायतका क्षेत्रमा भए गरेका कामहरुको अध्ययन र अनुगमन गर्ने अवसर मिलेको छ । समग्रमा भन्नु पर्दा नगरपालिकाले कम भन्दा कम बजेट बाट काम गरेको पाईएको छ । नगरपालिकाको आन्तरिक आम्दानी कम भैरहेको अवस्थामा पनि बिभिन्न क्षेत्रमा सकृय सहभागीता देखाईएको पाईएको छ । समग्र काम गर्ने क्रममा सबैको चित्त बुझाउन असंम्भव छ । नगरपालिकाले लक्षित बर्गका लागी छुट्टयाएको बजेट सबै सो क्षेत्रमा खर्च गर्नु पर्ने माग सामाजिक क्षेत्रमा काम गर्नेहरुको छ । तर कम बजेट भएको अवस्थामा नगरपालिकाले समन्वय गरेर काम गरेको देखिएको छ । अन्तमा आगामी दिनहरुमा नगरपालिकाले आन्तरिक आम्दानीको श्रोतमा बृद्धी गरी बिकास निमार्ण र सामाजिक क्षेत्रका थप लगानी गर्नु पर्ने देखिन्छ ।

थानेश्वर पाण्डे
सामाजिक परिक्षक

# सिद्धार्थनगर नगरपालिका कार्यालय

## सिद्धार्थनगर, रुपन्देही

## समिक्षा गोष्ठि तथा सामाजिक परीक्षण कार्यक्रम

## २०७१

समय :– *११.०० बजे,* **उद्घोषक : श्री देवप्रसाद ज्ञवाली**

स्थान :– *सि.न.पा. को सभागृह*

मिति :– *२०७१/५/५, विहिवार*

सिद्धार्थनगर नगरपालिकाले आर्थिक बर्ष २०७०/७१ मा गरेका कामहरुको समिक्षा गर्न समिक्षा गोष्ठि तथा आर्थिक बर्ष २०७०/७१ को बार्षिक नीति कार्यक्रम, योजना तथा प्रवाहित सेवाले सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभावको अध्ययन बिश्लेषण गरी तयार गरिएको समाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण एवम सो माथि छलफल गर्ने कार्यक्रम आयोजना गरिएको हुँदा उपस्थित सवै पाहुनाहरुमा हार्दिक स्थागत तथा अभिवादन ।

### आशन ग्रहण

| क्र.स. | कार्यक्रम | नाम | पद |
|---|---|---|---|
| १. | सभापति | श्री टीकादत्त राई | प्रमुख एवम कार्यकारी अधिकृत सि.न.पा. का. |
| २. | अतिथि | श्री प्रतिनीधि ज्यू | जि.वि.स. रुपन्देही |
| ३. | अतिथि | श्री प्रतिनीधि ज्यू | महिला तथा बालबालिका कार्यालय |
| ४. | अतिथी | श्री प्रतिनीधि ज्यू | खानेपानी तथा सरसफाई सव डिभिजन |

| | | | |
|---|---|---|---|
| | | | कार्यालय जोगिकुटी |
| ५. | अतिथि | श्री प्रतिनीधि ज्यू | जिल्ला प्रशासन कार्यालय |
| ६. | अतिथि | श्री प्रतिनीधि ज्यू | जिल्ला जनस्वास्थ्य कार्यालय |
| | अग्र स्थानमा आशन ग्रहण | श्री प्रतिनीधि ज्यू | नेपाली कांग्रेस, नगर समिति |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | ने.क.पा. एमाले, नगर कमिटी |
| | अग्र स्थानमा आशन ग्रहण | श्री प्रतिनीधि ज्यू | ए.ने.क.पा. माओवादी, नगर कमिटी |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल नगर समिति |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | म.ज.अ.फोरम लोकतान्त्रीक, नगर समिति |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | जन अधिकार फोरम, नेपाल, नगर समिति |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | त. म. लोकतान्त्रिक पार्टी, नगर समिति |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | राष्ट्रिय प्रजातन्त्र पार्टी, नगर समिति |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | राष्ट्रिय जनमोर्चा, नगर कमिटी |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | नेपाल कम्युनिष्ट पार्टी एकिकृत, नगर कमिटी |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | राष्ट्रिय जनमुक्ति पार्टी, नगर कमिटी |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | नेपाल कम्युनिष्ट पार्टी, मार्क्सवादी नगर कमिटी |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | नेपाल समता पार्टी, नगर समिति |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | सद्भावना पार्टी, नगर समिति |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | ने.क.पा. संयुक्त, नगर कमिटी |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | म.ज.अ.फोरम गणतान्त्रिक, नगर समिति |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | ने.क.पा. माले, नगर कमिटी |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | नेकपा माओवादी नगर कमिटी |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | सङ्घीय समाजवादी पार्टी, नगर समिति |

| | | | |
|---|---|---|---|
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | अखण्ड नेपाल पार्टी, नगर समिति |
| | अग्र स्थानमा आशन ग्रहण | श्री ईन्चार्ज ज्यू | नेकपा माओवादी  मातृका समुह नगर कमिटी |
| | अग्र स्थानमा आशन ग्रहण | श्री क्याम्पस प्रमुख ज्यू | भैरहवा बहुमुखी क्याम्पस |
| | अग्र स्थानमा आशन ग्रहण | श्री क्याम्पस प्रमुख ज्यू | पक्लिहवा कृषि क्याम्पस |
| | अग्र स्थानमा | श्री क्याम्पस प्रमुख ज्यू | रुपन्देही क्याम्पस |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | सिद्धार्थनगर उद्योग वाणिज्य संघ, रुपन्देही |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | उद्योग व्यापार संगठन, रुपन्देही |
| | अग्र स्थानमा आशन ग्रहण | श्री प्रधानाध्यापक ज्यूहरु | सवै सरकारी तथा नीजि विद्यालय र नीजि कलेज |
| | अग्र स्थानमा आशन ग्रहण | श्री प्रा. डा. गितु गिरी | बुद्धिजीवि |
| | अग्र स्थानमा आशन ग्रहण | श्री डा. शंकर नेपाल | बुद्धिजीवि |
| | अग्र स्थानमा आशन ग्रहण | श्री डा. शम्भु गुप्ता | बुद्धिजीवि |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | जिल्ला रेडक्रस सोसाईटी, रुपन्देही |
| | अग्र स्थानमा आशन ग्रहण | श्री प्रतिनीधि ज्यू | नेपाल पत्रकार महासंघ पत्रकारहरुको छाता सगठन |
| | अग्र स्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | गैसस महासंघ |
| | अग्र स्थानमा | श्री अध्यक्ष ज्यू | सिद्धार्थ यातायत वस व्यवसायी समिति |
| | अग्र स्थानमा | श्री अध्यक्ष ज्यू | पश्चिम नेपाल वस व्यवसायी समिति |
| | अग्र स्थानमा | श्री अध्यक्ष ज्यू | ट्रान्सपरेन्सि ईन्टरनेशनल तथा पारदर्शि नेपाल |
| | अग्र स्थानमा | श्री अध्यक्ष ज्यू | उपभोक्त हित संरक्षण मन्च, रुपन्देही |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री अध्यक्ष ज्यू | सिद्धार्थ साहित्य परिषद, सिद्धार्थनगर |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री प्रतिनीधि ज्यू | हिमाली सामुदायिक प्रहरी |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री अध्यक्ष ज्यू | सिद्धार्थ सामुदायिक प्रहरी |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री अध्यक्ष ज्यू | बुद्ध सामुदायिक प्रहरी |

| | | | |
|---|---|---|---|
| | *यथा स्थानमा* | श्री प्रमुख ज्यू | माईती नेपाल, सिद्धार्थनगर |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री प्रमुख ज्यू | नमुना एकिकृत विकास परिषद, सिद्धार्थनगर |
| | *यथा स्थानमा* | पदाधिकारी ज्यूहरु | एकिकृत योजना तर्जुमा समिति, सिद्धार्थनगर |
| | *यथा स्थानमा* | पदाधिकारी ज्यूहरु | राजश्व परामर्श समिति सिद्धार्थनगर |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री प्रमुख तथा प्रतिनीधि ज्यूहरु | विभिन्न संघ सस्थाका प्रमुख प्रतिनीधि |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री अध्यक्ष तथा पदाधिकारी ज्यूहरु | वडा स्तरिय वातावरण तथा सरसफाई समिति |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री अध्यक्ष तथा पदाधिकारी ज्यूहरु | वडा नागरिक मंच, सवै |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री अध्यक्ष तथा पदाधिकारी ज्यूहरु | नागरिक सचेतना केन्द्र, सवै |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री अध्यक्ष तथा पदाधिकारी ज्यूहरु | बेलहिया गाउँ समाज, सिद्धार्थनगर |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री अध्यक्ष तथा पदाधिकारी ज्यूहरु | ढाके क्लव, सि.न.पा. ४ |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री अध्यक्ष तथा पदाधिकारी ज्यूहरु | बैंकरोड व्यापार प्रर्वद्धन समिति |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री अध्यक्ष तथा पदाधिकारी ज्यूहरु | वडा स्तरिय विभिन्न क्लब तथा समाजहरु |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री अध्यक्ष तथा पदाधिकारी ज्यूहरु | वैदिक सनातन धर्म सेवा समिति, सिद्धार्थनगर |
| | *यथा स्थानमा आशन ग्रहण* | उपस्थित पत्रकार, नागरिक समाज<br><br>, गन्यमान्य व्यक्तित्व, वडा नागरिक मन्चका पदाधिकारी, नागरिक सचेतना केन्द्रका | सवै सहभागीहरु |

| | | | |
|---|---|---|---|
| | | पदाधिकारी, वातावरण तथा सरसफाई व्यवस्थापन समुहका पदाधिकारीहरु तथा सम्पूर्ण उपस्थित महानुभावहरु एवम कर्मचारीहरु | |

**राष्ट्रिय गान** :– सवैबाट

(१) कार्यक्रमको उद्देश्य सहित स्वागत मन्तव्य तथा आ.ब. २०७०/७१ मा भए गरेका काम हरुको समिक्षा प्रस्तुतीकरण

:– श्री शैलेन्द्र प्रसाद श्रेष्ठ

वरिष्ठ ईन्जिनियर, सिद्धार्थनगर नगरपालिका कार्यालय

(२) यस न.पा. को गत आ.ब. २०७०/७१ मा प्रवाहित सेवाले सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभावको अध्ययन विश्लेषण गरी तयार गरिएको समाजिक परीक्षण को प्रारम्भिक प्रतिवेदनको प्रस्तुतिकरण :–

श्री थानेश्वर पाण्डे ज्यू,

सामाजिक परीक्षक

**(५) सहभागी बिचमा खुल्ला छलफल सवै सहभागीहरुबाट**

छलफलमा उठेका बिषय बस्तु टिपोट गर्ने :–

१. शैलेन्द्र प्रसाद श्रेष्ठ २. विवेक कुमार खनाल

३. गणेश बहादुर क्षेत्री ४. शेखरनाथ पन्थी

५. ई यमलाल पाण्डे ६. ई. मधु गौतम

७. ई. जिवन अर्याल

**मन्तव्य कार्यक्रम :–**

| क.स. | कार्यक्रम | नाम | पद |
|---|---|---|---|
| | **मन्तव्य** | श्री शंकर ज्ञवाली | नेकपा माओवादी, नगर कमिटी |
| | **मन्तव्य** | श्री मोहर सिंह राना | नेकपा माले, नगर कमिटी |
| | **मन्तव्य** | श्री राम बहादुर श्रेष्ठ | नेकपा एमाले, नगर कमिटि |
| | **मन्तव्य** | प्रतिनीधि श्री सुरेन्द्र बस्याल ज्यू | जिल्ला प्रशासन कार्यालय, रुपन्देही |
| | **मन्तव्य सहित कार्यक्रम समापन** | श्री टीकादत्त राई ज्यू | प्रमुख एवम कार्यकारी अधिकृत |

**नगरपालिकाको परिचय ,**

सिदार्थनगर नगरपालिका रुपन्देही जिल्लाको सिमाबर्ती क्षेत्रमा पर्ने नगरपालिका हो । नेपाल भारत सिमा नाका संग जोडीएको नगरपालिका हो । पुर्बमा बगाहा र बसन्तपुर गाबिस, पश्चिम मा हाटीबनागाई गाबिस, उत्तरमा पडसरी र फर्साटिकर गाबिस र दक्षिणमा भारतीय सिमा नाका महाराजगंञ्ज जिल्ला भारत रहेको छ ।

यो नगरपालिका ३६ दशमलब ०३ प्रतिशत क्षेत्रफलमा फैलीएको छ । नगर क्षेत्रमा १८ हजार ७ सय ६३ घर घुरी रहेका छन्र । राष्ट्रिय जनगणना २०६८ अनुसार सिदार्थनगर नगरपालिकाको जनसंख्या ६४,५६६ रहेको छ । महिला संख्या ३१,८९५ र पुरुष संख्या ३२,६७१ रहेको छ भने साक्षरता दर ७८।९४ प्रतिशत रहेको छ । घरपरिवार औषत संख्या ५.७ रहेको छ । नगरमा हिन्दु, ईस्लाम, बौद्ध, कृश्चियन धर्म मान्ने प्रमुख ब्राह्मण, क्षेत्री, मगर, गुरुङ., मधेसी समुदायको बसोबास रहेको छ ।

**परिचय :**

सरकारी तथा गैरसरकारी संस्थाहरुमा सरल तरीकाले जनताका समस्यालाई समाधान गर्न पारदर्शिता, जवाफदेहिता,सहभागिता र विधिको शासनको आवश्यकता पर्दछ । यी कुराहरु प्रजातन्त्रका आधार स्तम्भ हुन् । यसै कुरालाई मनन गरी सुशासन, व्यवस्थापन र सञ्चालन ऐन २०६४, नियमावली २०६४ तथा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ को नियम २०१(१) बमोजिम तथा स्थानीय विकास मन्त्रालय स्थानीय निकायहरुले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधि २०६७ लागु गरिएकोमा सिद्धार्थनगर नगरपालिकाले मिति २०७० श्रावण १ गते देखि आषाढ मसान्त सम्ममा नेपाल सरकार द्धारा प्राप्त रकम र न.पा.को आफ्नै स्रोतबाट सञ्चालित, सम्पादित समग्र कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक, एकल महिलालाई दिईने भत्ता, स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा र स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गरि सेवाप्रदायक र सेवाग्राही बीचको सम्बन्धलाई सुमधुर बनाउन सि.न.पा. आर्थिक वर्ष २०७०/०७१ को समग्र कार्यक्रमको सामाजिक परिक्षणको लागि प्रतिवेदन तयार गर्ने कार्य गरिएको छ ।

सि.न.पा. सामान्य प्रशासन महाशाखा प्रमुख, योजना महाशखा प्रमुख, आर्थिक प्रशासन महाशाखा प्रमुख, सामाजिक शाखा अधिकृत लगायत विभिन्न शाखा उपशाख तथा ईकाइ प्रमुख लगायतका कर्मचारीहरु, सामाजिक परिचालक र स्वास्थ्य कर्मी (एचए) संग छलफल गरी सि.न.पाको सार्वजनिक सुनुवाई, ब्रोसर, २०७०/०७१ को बजेट पुस्तिका र सि.न.पा. द्धारा प्रकाशित बिभिन्न सुचनाहरु र नीतिगत निर्णयबाट प्रारम्भिक प्रतिवेदन तयार पारिएको छ । सि.न.पा. ले आयोजना गरेको बृहत छलफलमा स्थानीय बासी, राजनीतिक दल, बुद्धिजीवि, समाजसेवी, पत्रकार, आयोजक र सामाजिक परिक्षक लगायतले यस प्रतिवेदन माथि छलफल गरी निस्केको निश्कर्षबाट अन्तिम प्रतिवेदन तयार पारिने छ ।

**सामाजिक परिक्षण कार्यको मुख्य उद्देश्यः**

- ❖ सि.न.पा द्धारा गत वर्ष सञ्चालित विकास योजना तथा कार्यक्रममा प्रदान गरिएका सेवा सुविधा, सामाजिक सुरक्षा कार्यक्रमको आवश्यकता, यसको मुलभुत मर्म र यो कार्यमा भईरहेको श्रोत साधनको प्रवाहबीचको अवस्थाको लेखाजोखा गर्ने ।
- ❖ स्थानीय जनतामा आयोजना छनौट न.पा. को प्राथमिकता सेवा प्रदान गर्ने तरीका तथा समग्र कार्य र सामाजिक सुरक्षा कार्यक्रमको बारेमा जानकारी दिई थप जागरण गर्ने ।
- ❖ न.पा.को समग्र कार्यक्रमलाई थप प्रभावकारी बनाउन सरोकारवालाहरुलाई जानकारी प्रदान गरी दक्षता अभिवृद्धि गर्ने ।
- ❖ सेवा प्रदायक र सेवाग्राहीबीच सुमधुर सम्बन्ध स्थापना गर्ने साथै सुशासनको प्रत्याभुति दिई सेवा तथा सुविधा वितरण प्रक्रियालाई सरलीकृत गर्ने ।
- ❖ यस वर्षको कमि कमजोरी आगामी वर्षमा हुन नदिने गरी सुधार ल्याउने ।
- ❖ सामाजिक परिक्षण कार्यको प्रभावकारिता बढाई कार्यमा सरलता ल्याउन प्रत्यक्ष लाभान्वित हुने सरोकारवालाहरु समेतको उपस्थितिमा छलफल गरि आवश्यक नीति निर्माणमा सहयोग पुर्‍याउने ।
- ❖ स्रोतको समानुपातिक वितरण र सदुपयोग गर्ने प्रकृयामा सबै क्रियाकलाप पारदर्शीता बनाउने ।

**१ स्थानीय निकायको नाम :** सिद्धार्थनगर नगरपालिका

**विकास क्षेत्र :** पश्चिमाञ्चल

**अञ्चल:** लुम्बिनी

**जिल्ला :** रुपन्देही

**वडा संख्या** : १३

**२ सिद्धार्थनगर नगरपालिकाका प्राथमिकता तथा लक्ष्यहरु :**

- ❖ शिक्षा, स्वास्थ्य, सुशासन, सञ्चार, यातायात, विद्युत, सामाजिक सुरक्षा, आर्थिक वृद्धि, वातावरण संरक्षण, भौतिक निर्माण आदिमा प्राथमिकता दिई नगरपालिकाको सर्वाङ्गीण विकास गर्ने लक्ष्य रहेको ।

**सिद्धार्थनगर नगरपालिकाको दुरदृष्टी :**

- ❖ **पर्यटन, उद्योग, व्यवसाय र शिक्षा हराभरा बुद्धभुमि सिद्धार्थनगरको ईच्छा** भन्ने मुल (Vision)नारा का साथ नगरपालिकाले काम गरेको छ ।

**३ सामाजीक जिम्मेवारी र कार्य संम्पादनको लेखाजोखा**

**स्वास्थ्य अवस्था**

**गत बर्षको स्वास्थ्य अवस्था**

- ❖ वडानं ९,१० र ११ मा सडक खाल्टाखुल्टी भएका कारण स्वास्थ्य संस्थामा जान समस्या भएको ।
- ❖ वडानं ९ मा रहेको नगर स्वास्थ्य केन्द्रमा भाडामा लीईएको भवनमा झयालमा ढोकाहरु नहुदा समस्या भएको । हावा र पानी भित्र पस्नाले औषधी समेत सुरक्षा गर्न नसकिएको अवस्था ।

**सुधारका प्रयासहरु**

- ❖ वडानं १० मा नगर स्वास्थ्य केन्द्र आफ्नै सुबिधा संम्पन्न भवन बाट संञ्चालनमा ।
- ❖ आर्थिक बर्ष ०७०।०७१ मा १० हजार ५ सय २७ मानिसहरुले उपचार को सुविधा प्राप्त गरेको ।
- ❖ वडानं ९ मा संञ्चालीत नगर स्वास्थ्य केन्द्रबाट ४,२०० ले उपचारको सुविधा प्राप्त गरेको
- ❖ वार्ड नं. ९ मा सञ्चालित नगर स्वास्थ्य केन्द्को आफ्नै भवन बनाउने प्रयासमा जग्गा यकिन भएको छ ।
- ❖ सरुवा रोगहरु बाट बच्नका लागी बिभिन्न जनचेतनामुलक कार्यक्रम संञ्चालन भएको छ ।
- ❖ बिश्व एड्स दिवस, क्षयरोग दिवस, स्तनपान सप्ताह लगायत स्वास्थ्य संग संम्बन्धीत बिभिन्न गतीबिधी हरुको नगरपालिकाको निरन्तर सहभागीता ।
- ❖ समय समयमा नगरमा स्वास्थ्य शिबिर संञ्चालन ।
- ❖ नगर स्वास्थ्य केन्द्र वडानं ९ को झ्याल ढोका मर्मतमा चासो नपुगेको ।

**उपलब्धीहरु**

- वडानं ९ र १० मा संञ्चालन गरीएको नगर स्वास्थ्य केन्द्रमा नगरपालिका क्षेत्रका मात्र नभएर छिमेकी गा.बि.स.का सर्बसाधारण हरुले पनि सेवा लिन पाएको ।
- सामान्य रुघाखोकी, झाडापखाला, ज्वरो, गर्भवती जांच लगायतका सेवा सुबिधा नगरबासीले नजिकैको स्वास्थ्य संस्थाबाट सजिलै लिन पाएको ।
- टि.बि., कुष्ठरोग, क्षयरोग, खोप सुबिधा नजीकैको स्वास्थ्य संस्थामा उपलब्ध ।
- नियमित गर्भ परिक्षण आउने गरेको ।
- नियमित खोप लगाउने गरेको ।
- सरुवा रोग, गर्भवती जांच, स्तनपानको सही तरिका लगायतका स्वास्थ्य संम्बन्धी जनचेतना प्राप्त ।
- नगरपालीका क्षेत्र भित्र मेडीकल कलेज, जिल्ला अस्पताल भिम अस्पताल, सिटी अस्पताल, बाल रोग हस्पीटल, वडानं ९ र १० मा नगर स्वास्थ्य केन्द्र, बिभिन्न स्थानमा दात उपचार केन्द्र रहेका कारण नगरबासी स्वास्थ्य संस्थाको पहुचमा ।
- नगर क्षेत्रमा रहेका ठुला अस्पताल बाहेक नगर स्वास्थ्य केन्द्र वडानं ९ बाट बर्ष भरिमा ४ हजार २ सय २५ जनाले उपचार लिएकोमा २ हजार २ सय ३८ जना महिला रहेका छन्र ।  वडानं १० मा रहेको स्वास्थ्य संस्था बाट बर्ष भरिमा १० हजार ५ सय २७ ले उपचार सेवा लिएका छन  ।
- नगर स्वास्थ्य केन्द्र वडानं ९ र १० मा उपचारका लागी आउने मुख्य रोगका बिरामीहरु ।

झाडापखाला , ज्वरो, छाला संम्बन्धी रोग, स्वासप्रस्वास सम्बन्धी

**४ खानेपानी तथा सरसफाई**

**गत बर्षको अवस्था**

- फोहर मैला ब्यावस्थापनमा समस्या रहेको ।
- खानेपानीको पाईपलाईन नपुगेको स्थानमा हेण्ड पाईपको कम गुणस्तरको खानेपानी खान बाध्यता ।
- खुल्ला दिशा मुक्त क्षेत्र घोषणका लागी कामहरु भैरहेको ।
- कुल १२ हजार १४ घर धुरी मध्ये ९ हजार ७ सय १४ घर धुरीमा शौचालय बनेको ।

**प्रयासहरु**

- खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गर्ने अभियान जारी । नगरको वडानं ७ खुल्ला दिशा मुक्त क्षेत्र घोषणा भएको छ ।
- २३ सय घर धुरीमा शौचालय बनाउन बांकी रहेकोमा उनिहरुलाई शौचालय बनाउन प्रेरेरित गरीदै ।
- गैर सरकारी संस्थाहरुको प्रयासमा केही स्थानमा पानीमा रहेको आर्सेनिकको परिक्षण ।
- फोहर मैला ब्यावस्थापनका लागी नियमीत तालीम प्रदान ।
- कालो ल्पाष्टीक मुक्त नगर बनाउने अभियान अन्तीम चरणमा ।

❖ सिदार्थनगर नगरपालीकाको वडानं २, ३, ४, ९, १० र ११ मा नागरीक सचेतना केन्द्र , वडा नागरीक मंञ्च गठन गरी उनिहरुको माध्यम बाट शिक्षा स्वास्थ्य सरसफाई लगायतका क्षेत्रमा जनचेतना अभिबृद्धी ।

❖ सामाजीक परिचालक मार्फत महिला हिंशा, स्वास्थ्य, सरसफाई, शिक्षा स्वास्थ्यका क्षेत्रमा बिभिन्न कार्यक्रमहरु संञ्चालन ।

**उपलब्धीहरु**

❖ नगर क्षेत्रमा आर्थिक बर्ष ०७०।०७१ मा ६ सय ६३ थप सौचालय बनाउन सफल ।

❖ वडानं ७ खुल्ला दिशा मुक्त क्षेत्र घोषणा ।

❖ नगरबासीहरुमा जनचेतना बृद्धी ।

❖ नियमीत स्वास्थ्य परिक्षण , गर्भवती जांच , फोहरमैला ब्यवस्थापनका क्षेत्रमा सर्बसाधारणहरु सचेत बनेको

❖ फोहरमैला ब्यावस्थापन गर्न नगरबासी जिम्मेवार बन्दै गएको ।

❖ सरसफाईका लागी टोल टोलमा ट्याक्टर पठाउने गरेको ।

**५ जनचेतना तथा गरिबी निवारण ।**

**गत बर्षको अवस्था**

❖ आर्थिक बर्ष ०६९।०७० मा जनचेतना र गरीबि निवारण लगायतका कार्यक्रमा बजेट बिनियोजन भएता पनि कामहरु हुन नसकेको ।

**प्रयासहरु (२०७०/७१ मा)**

➢ नोट, नगरपालिकाले शहरी गरिबी न्युनिकरण कार्यक्रम दातृ निकायको रु २,६००,०००। नगरपालिकाको रु २,६००,०००।

➢ लक्षीत समुहको बिकास अन्तरगत लैङ्गीक क्षमता तथा सामाजीक समाबेशी कार्यक्रम अन्तरगत रु ४,०२५,०००। बजेट बिनियोजन भएको ।

➢ सबै जातजातीका बिपन्न बर्गका बालबालीका हरुलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम सहभागी गराईएको

❖ आर्थिक बर्ष ०७०।०७१ मा  लक्षीत बर्ग, महिला , बालबालीका का क्षेत्रमा ३५ प्रतिशत बजेट बिकासका कामहरुमा प्रयोग गर्दा सिमीत बजेटमा कामहरु गर्नु परेको ।

❖ एकिकृत सहरी बिकास कार्यक्रम अन्तरगत सामाजीक क्षेत्रको बिकासका लागी नेपाल ग्रामीण बिकास केन्द्र मार्फत तालीम , जनचेतना , शिक्षा , स्वास्थ्यका क्षेत्रमा कामहरु भएको ।

❖ सिदार्थनगर नगरपालिका वडानं २, ३, ४, ९, १० र ११ म नागरीक सचेतना केन्द्र र वडा नागरिक मंञ्च मार्फत जनचेतनाका कामहरु भैरहेको ।

❖ सामाजिक परिचालकहरु द्धारा आ आफ्नै क्षेत्रमा शिक्षा स्वास्थ्य सरसफाई पोषण लगायतका क्षेत्रमा कक्षाहरु संञ्चालन भएको ।

**बालबालिकाका क्षेत्रमा भएका कार्यक्रम**

❖ जिल्ला भेला कार्यक्रमका लागी सहयोग रु १०,०००।

❖ बालबालिकाको लागी अक्षयकोषको स्थापना रु २५,०००। (महिला तथा बालबालिका कार्यालय)

❖ एच.आई.भि. एड्स बाट प्रभावित बालबालीका हरुलाई पुस्तक कापी झोला बितरण रु २५,०००। सहयोग

- ❖ सिनपामा सेतो गुरासको समन्वयमा बाल मैत्री स्थानीय शासन अपाङ्ग नगर समन्वय समिती मिति २०७०।४।१८ मा गठन ।
- ❖ सामुदायिक बिध्यालयमा अध्ययनरत बिद्यार्थीहरुलाई पोशाक बापत रु ११००। (एक हजार एक सय रुपैया) का दरले आर्थिक सहयोग बितरण ।

**शिक्षा**

- ❖ भैरहवा सामुदायिक अध्ययन केन्द्र र सिदार्थनगर नगरपालिकाको सहकार्यमा सिनपाका वडाहरुमा प्रौढ कक्षा । साक्षरता अभियान कार्यक्रम संञ्चालन रु २५,०००।

**महिलाका क्षेत्रमा**

- ❖ फोहरमैला ब्यवस्थापन तथा चर्पीको निमार्ण बिषयक तिजगित प्रतियोगीता संम्पन्न २०७०।५।२१ मा

**वातावरणका क्षेत्रमा**

- ❖ सिनपा वडा नं ११ मा करीव एघार विगाहा जमिनमा बृक्षरोपण भएको ।
- ❖ वडानं १, ३ र ८ का बाटिकामा बृक्षरोपण ।
- ❖ वातावरण दिवसका अवसरमा नगरपालिका र नगरपालिका कर्मचारी एशोसिएसनको आयोजनामा सरसफाई सम्बन्धि जनचेतना मुलक कार्यक्रम भएको ।

**स्वास्थ्य**

- ❖ महिला स्वास्थ्य स्वयम सेविका वडानं ८ र १२ को अध्ययन अबलोकन भ्रमण
- ❖ सिनपा वडानं १० आमा समुहको अवलोकन भ्रमण ।
- ❖ सिदार्थ सामुदायिक सेवा केन्द्र र नगरपालिकाको संयुक्त आयोजनामा एच.आई.भि. एड्स बिषयक अन्तरकृया ।
- ❖ सिनपा ४ का महिला समुहको अध्ययन अवलोकन भ्रमण ।
- ❖ २०७१।३।१२ र १३ गते २ समुहलाई ईएफआईजी बिषयक अनुशिक्षण तालीम प्रदान ।
- ❖ सिनपामा ओडिएफ समिती गठन । ओ डि एफ अनुगमन समितीको गठन ।
- ❖ ०७१।३।१९ गते वडानं ७ लाई पहिलो वडाका रुपमा खुल्ला दिशा मुक्त क्षेत्र घोषणा ।
- ❖ सिनपाको सहयोगमा सिदार्थ सामुदायिक सेवा समाज द्धारा सिनपाको सम्पुर्ण वडाहरुमा ओडिएफ संम्बन्धी चर्पी नहुने घर परिवारको क, ख र ग बर्गिकरण ।
- ❖ बजार अनुगमन अन्तरगत मासु पसलहरुको अनुगमन ।
- ❖ राजनैतिक दलका २।२ जना प्रतिनीधीहरुका लागी ०७१।३। २४ र २५ गते फोहरमैलाको उचित ब्यवस्थापन, नगरपालिकालाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा र बातावरण मैत्री स्थानिय शासन प्रारुप २०७० बिषयक तालीम कार्यक्रम ।
- ❖ सिनपा ९ र १० मा रहेको नगर स्वास्थ्य केन्द्रका लागी नमुना एकिकृत बिकास परिषद रुपन्देही द्धारा गर्भवती महिला चेक जांचका लागी आवस्यक पर्ने समानहरु केन्द्रका अध्यक्ष ज्ञानु पौडेल द्धारा हस्तान्तरण ।

**लक्षीत समुदायका कार्यक्रम**

- ❖ दलित बिकास नगर समन्वय समितीको गठन ।
- ❖ दलित बिकास नगर समन्वय समितीका पदाधिकारीहरुका लागी एक दिवसीय जातीय भेदभाव तथा कसुर सजाय ऐन २०६८ बिषयक एक दिने अभिमुखिकरण कार्यक्रम (रु ३०,०००।)
- ❖ २०७० चैत्र १ र २ गते सिनपा र एन आर डि सी को सयुक्त आयोजनामा २ दिने संम्पुर्ण कर्मचारीहरुका लागी अभिमुखीकरण तालीम प्रदान ।

- ❖ एन आर डि सी को आयोजनामा नगरका बिभिन्न स्थानहरुमा जनचेतना मुलक सडक नाटक प्रर्दशन ।
- ❖ लक्षीत समुदायका लागी तालीम प्रदान ।

**उपलब्धीहरु**

- ❖ लक्षितबर्ग, महिला, बालबालीकाका क्षेत्रमा छुट्टयाईनु पर्ने ३५ प्रतिशत बजेट कार्यान्वयन मा नआउदा जनचेतना, आयआर्जन मुलक कार्यक्रमहरु संञ्चालनमा समस्या हुदा प्रयाप्त उपलब्धी हासील गर्न नसकेको ।

**नोटः नगरपालिकाले शहरी गरिबी न्युनिकरण कार्यक्रम दातृ निकायको रु २,६००,०००। नगरपालिकाको रु २,६००,०००।**

- ➢ आर्थिक बर्ष ०७०।०७१ मा को बजेटमा पनि सडक पिच, सार्बजनीक शौचालय निमार्ण, सडक ग्राभेल लगायतका ५ वटा योजनाका कामहरु भएको । तर गरीब न्युनिकरणका कार्यक्रमहरु भने नभएको (तालीम, रोजगारीका क्षेत्रमा काम बजेट खर्च नभएको ) ।

लक्षीत समुहको बिकास अन्तरगत लैङ्गगीक क्षमता तथा सामाजीक समाबेशी कार्यक्रम अन्तरगत रु ४,०२५,०००। बजेट बिनियोजन भएको ।

- ➢ आर्थिक बर्ष ०७०।०७१ मा १६ योजनाहरु छनौट भएकामा ति मध्ये ८ वटा योजनाहरु सडक पिच र ग्राभेलमा बजेट खर्च, ४ योजना शौचालय, धर्मशाला र बिध्यालय बनाउने योजना । बाँकी २ कार्यक्रम मात्र तालीम, गोष्ठी र सेमीनारका कार्यक्रम भएको ।

- ❖ कम बजेट मै धेरै कामहरु भएको ।
- ❖ बालबालिका बिद्यालयको पहुचमा ९५ प्रतिशत बढी रहेको ।
- ❖ दलित बालबालिका शिक्षाको पहुचमा (नगर क्षेत्रमा १३४० बालबालिका बिद्यालयमा )
- ❖ प्राथमीक तहमा ९७.४ प्रतिशत भर्ना दर रहेको ।
- ❖ ८ प्रतिशत बालबालिका कक्षा छाड्ने दोहोर्‍याउने गरेको ।
- ❖ केही वडाहरुमा मात्र बाल क्लब गठन गर्न सफल

**५ सामाजीक शाखा अन्तरगत सम्पादनका क्षेत्रहरु**

- ❖ फोहर मैला ब्यावस्थापन संम्बन्धी
- ❖ खुल्ला दिशा मुक्त क्षेत्र घोषणा
- ❖ आयमुलक तालीम प्रदान
- ❖ लक्षीत बर्ग उत्थान कार्यक्रम

**सुधारका लागी चाल्नु पर्ने कदमहरु**

- ❖ कार्य संम्पादनमा सहयोगी भावना जगाउने ।
- ❖ जनचेतना जगाउने ।
- ❖ फोहर घर बाटै निस्कन नदीने अवस्था श्रृजना गर्ने ।
- ❖ अपनत्वको भावना जागृत गराउने

**७ नगरपालिका क्षेत्र भित्र रहेका गैरसरकारी संघ संस्थाको नाम**

- ❖ नेपाल ग्रामिण बिकास केन्द्र (एन आर डि सी)
- ❖ नमुना एकिकृत बिकास परिषद रुपन्देही ।
- ❖ एबिसी नेपाल ।
- ❖ माईती नेपाल
- ❖ सिदार्थ सामुदायिक सेवा समाज ।

**८ सामाजीक बहन गर्ने क्षमता**

- ❖ शिक्षा , स्वास्थ्य , सरसफाई , नगरस्वास्थ्य क्लिनिक , दमकल , ओडिएफ लगायत , जनचेतनामुलक तालीम प्रदान ।

**९ संस्थागत क्षमता**

जनशक्ति :-  सिदार्थनगर नगरपालीकामा रहेका जनशक्ति ।

जम्मा दरबन्दी :- १८७

स्थायी :- १३७

करार :- ३२

रिक्त :- १८

**१० सिद्धार्थनगर नगरपालिकाबाट आ.व. २०७०।०७१ मा संचालित योजनाहरु**

**जगेडा कोष**

| क.सं. | कार्य स्थल | कामको नाम | ल.ई. अंक | ठेक्का अंक |
|---|---|---|---|---|
| १ | सि.न.पा.वार्ड नं.१३ श्रद्धा पथ | पि.सि.सि. सडक निर्माण कार्य | ३३३२७००.७६ | ३२६१९०५.३७ |
| २ | सि.न.पा. वार्ड नं.६ अशोक पथ देखि शुरु भई दुर्गा मन्दिर देखि दक्षिण निर्माण होटल सम्म | नाला  तथा सडक पिच कार्य | ३३३०६०१.८७ | २३७८९०७.४३ |
| ३ | सि. न. पा. वार्ड नं. २ मेहुडीहवा देखि डण्डा पुल सम्म | नाला तथा सडक निर्माण कार्य | ३३३२०६१.३ | २७३६८२४.५६ |
| ४ | सि.न.पा. वार्ड नं.१ बेलहिया मा.वि.हुदै मान सरोवर सम्म | सतह ढल निर्माण कार्य | ३३३००१७.४ | ३२५८०५२.४१ |
| ५ | सि.न.पा. वार्ड नं. ११ पिपरहिया देखि भुजौली सम्म | सडक कालो पत्रे गर्ने कार्य | ३३३४३३६.५६ | ३२६६१०५.६७ |
| ६ | सि.न.पा. वार्ड नं. ९ | नाला तथा सडक पिच कार्य | ३००४७२१.३६ | २९४३११६.०८ |

**सडक बोर्ड**

| क.सं. | कार्य स्थल | कामको नाम | ल.ई. अंक | ठेक्का अंक |
|---|---|---|---|---|
| १ | शहरी सडक मर्मत सुधार कार्य | सडक मर्मत सुधार कार्य | ८५७३३३७.४६ | ६९६२७१८.२८ |

**कृषि सडक**

| क.सं. | कार्य स्थल | कामको नाम | ल.ई. अंक | ठेक्का अंक |
|---|---|---|---|---|
| १ | सि. न.पा. वार्ड न.७ मेलमिलाप पथ | सडक पिच कार्य | ६७५९१०.३६ | ६६०६८३.८८ |
| २ | सि.न.पा.वार्ड न.७ सप्तऋषि पथ गणपति पथ बेल बाबा पथ | सडक पिच कार्य | ६८०३४९.९४ | ६६४४४०। |
| ३ | सि.न.पा.वार्ड न.७ स्वस्तीक पथ | सडक पिच कार्य | ६८१८७०.६१ | ६६५६१०.६८ |
| ४ | सि.न.पा.वार्ड न.७ बुद्ध पथ | पक्कि नाली तथा कालो पत्रे | ६८३८४५.७७ | ६६८४०८.५६ |

**११ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु ।**

- ❖ सडक पिच गरेपछि केही समय सडकमा केही गुडन नदीनु पर्नेमा त्यसो गर्न असंम्भव भएको ।
- ❖ पिच सडकमा गाई गोरुले दिशा पिसाव गर्नाले पिच सडकलाई प्रभावित बनाएको ।
- ❖ नगरबासीले सडकमा निमार्ण सामाग्री राखी दिनाले यातायातमा समस्या ।
- ❖ नगरबासीले आ आफ्नै घर अगाडी सडक उचा गरी दिनाले पानी नालीमा जान नपाई सडकमै जम्मा हुने भएकाले पिच सडक बिग्रने गरेको ।
- ❖ खाने पानीका लागी पिच सडक काट्नाले सडकमा समस्या आउने गरेको छ ।
- ❖ थोरै पैसामा धेरै काम गर्नु पर्ने बाध्यता ।
- ❖ श्रोतको कमीका कारण माग अनुसार काम गर्न नसकिएको ।
- ❖ निश्चीत बजेट छुट्टयाएर काम गर्नु पर्ने र काम गर्दा गर्दै दवाव दिएर बढी काम गर्नु पर्ने बाध्यता ।
- ❖ सडकमा क्षमता बढी भारका गाडीहरु संञ्चालन हुदा पहिल्यै सडक भत्कीने ।
- ❖ बजेटको सिमा वाहिरको काम गर्नुपर्ने बाध्यता रहेको ।

**१२ भाबी कार्यक्रम संञ्चालनका लागी चाल्नु पर्ने कदमहरु तथा सुझावहरु ।**

- ❖ थोरै बजेटमा धेरै काम गर्नु पर्ने भएकाले नगरपालिकाका लागी प्रयाप्त बजेटको आवस्यकता छ ।
- ❖ नगरपालिकाको आम्दानीको श्रोत बढाउनु पर्ने ।
- ❖ नगरबासी संग प्रत्यक्ष जोडीएका ढल निकास, फोहर मैला ब्यावस्थापन, सडक पिच लगायतका अत्यावस्यक बिषयहरुमा नगरपालिका गंभिर बन्नु पर्ने ।
- ❖ नगरपालिकाले नेपाल सरकारले तोके अनुसारको बालबालिका, महिला र लक्षित समुदायका लागी छुट्टयाईएको ३५ प्रतिशत बजेट सोही क्षेत्रमा खर्च गर्नु पर्ने ।

## १३ नीति तथा कार्यक्रम

### भौतीक पुर्बाधार बिकास नीति

- घर जग्गा नक्सा पास संम्बन्धी नीति

## १४ सामाजीक बिकास संम्बन्धी नीति

- महिला शसक्तिकरण नीति
- वातावरण तथा सरसफाई संम्बन्धी नीति
- जनस्वास्थ्य ब्यावस्थापन संम्बन्धी नीति
- गरीबी न्युनिकरण संम्बन्धी नीति
- बालबालीका संम्बन्धी नीति
- समुदाय बिकास तथा सामाजीक सुरक्षा कार्यक्रम संम्बन्धी नीति
- समाबेसी बिकास नीति
- शिक्षा, संस्कृती, कला तथा खेलकुद बिकास सम्बन्धी नीति

सुशासन प्रर्बधन तथा संगठन बिकास नीति
सार्वजनीक निजी साझेदारी ब्यावस्थापन सम्बन्धी नीति
सार्बजनीक सम्पत्ती संरक्षण तथा ब्यावस्थापन सम्बन्धी नीति
आन्तरिक आय बृद्धी तथा राजश्व ब्यवस्थापन सम्बन्धी नीति

## १५ नगरपालिकाको भौतिक व्यवस्थापन :

### सि.न.पा. मा रहेका भौतिक वस्तुहरुको विवरण

टोयटा जीप : १

महेन्द्र विलिफा : १

मोटरसाइकल : १७

टेक्टर टाली : ५

बारुण यन्त्र : ४

रोलर : १

टिप्पर : २

भवन : २०

हेण्डपाइप जडान : १५

बिग्रेको टेक्टर : १

बिग्रेको मोटरसाइकल : ४

बिग्रेको बारुण यन्त्र : १

भवन सहित नगरपालीकाको जग्गा ९९ बिगाहा ३ कट्ठा १५ धुर ।

**१६ समन्वय र सहकार्यका प्रयासहरु**

- ❖ नेपाल ग्रामिण बिकास केन्द्र (एन आर डि सी)
- ❖ नमुना एकिकृत बिकास परिषद
- ❖ सामुदायिक सेवा समाज
- ❖ बेलहिया गांउ समाज
- ❖ ढाके क्लब वडानं ४
- ❖ सिदार्थनगर उद्योग बाणिज्य संघ
- ❖ उद्योग ब्यापार संगठन
- ❖ सामुदायिक प्रहरी
- ❖ गैर सरकारी संस्थाहरु

***आर्थिक वर्ष २०६९/०७० का मुख्य उपलब्धिहरु :***

- ❖ एकिकृत सम्पत्ती कर लागु गरी रु ८७ लाख आम्दानी गरिएको ।
- ❖ वडा नम्बर १ वेलहिया स्थित अतिक्रमित जग्गालाई न.पा. को स्वामित्वमा लिई शुल्क पाकिङ्गको व्यवस्था गरिएको ।
- ❖ जगेडा कोषको सहयोगमा फोहोर मैला व्यवस्थापनका लागि पट्खौली गाविस वडा नम्बर ८(क) को ६ बिगाहा जग्गा खरिद भैसकेको र सो जग्गामा IUDP अर्न्तगत सेनेटरी ल्याण्डफिल्ड साईट निर्माणको प्रस्ताव गरिएको ।
- ❖ वेलहिया स्थित जीप पार्कको जग्गामा अव्यवस्थित रुपमा व्यवसाय गरिरहेकाहरु संग सम्झौता गरि न.पा.को आयआर्जन बृद्धि गरिएको ।
- ❖ न.पा.को मुख्य सडकहरुमा अतिक्रमण गरिएका सडक पेटी विस्तार कार्य नगर विकास कोष र न.पा.को संयुक्त लगानीमा पेटी निर्माण कार्य सम्पन्न हुने अवस्थामा रहेको ।

**<u>आर्थिक बर्ष ०७०।०७१ को मुख्य मुख्य लक्ष्यहरु</u>**

- ❖ सबै वडाहरुमा कम्तीमा २० लाख र बढीमा ३३ लाख सम्मको याजना समाबेश गर्ने ।
- ❖ आन्तरीक आय बृद्धी गरी करीब ५ करोड पुराउने ।
- ❖ पहिलो पटक महिला सशक्तिकरणका लागी स्पष्ट बजेटको ब्यवस्था गर्ने ।
- ❖ खुल्ला दिशा मुक्त नगर बनाउने लक्ष्यलाई नीतिमा समाबेश गर्ने ।
- ❖ एशियाली बिकास बैकको अनुदान सहयोगमा संञ्चालन गरीने कार्यक्रमको लागी म्याचीङ्ग कोषको ब्यवस्था गर्ने ।
- ❖ सहभागीता मुलक योजना निमार्ण प्रकृया अबलम्बन गर्ने ।
- ❖ वडा स्तरबाट प्राथमिकताका साथ आएका योजनालाई समाबेश गर्ने ।
- ❖ योजनाहरुको प्रभाब मुल्याङ्कन संभाब्यता अध्ययनका लागी बजेट बिनियोजन गर्ने ।
- ❖ खुल्ला दिशा मुक्त क्षेत्र बनाउन चेतनामुलक कार्यकम संञ्चालन गर्न र शौचालय निर्माण गर्नका लागी बजेट बिनियोजन गर्ने ।

**<u>आर्थिक बर्ष ०७०।०७१ को मुख्य मुख्य उपलब्धीहरु</u>**

- ❖ वडानं ७ लाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गरिएको ।
- ❖ वडानं १३ सद्धा पथमा प्रयोगात्मक रुपमा कडकृट सडक निमार्ण गरिएको ।
- ❖ एकिकृत संम्पत्ती कर लागु भएपछि र अन्य श्रोत संकलन गरी आन्तरीक आयमा २८ प्रतिशतले बृद्धी गरीएको ।

- बिभिन्न २० वटा गरिब समुदायमा सामाजिक बिकासको लागी (गरिबि न्युनिकरण र जनचेतना ) प्रस्ताव तयार पारी सहमतीका लागी एडिबि मा पठाईएको ।
- नेपाल सरकार तथा एसियाली बिकास बैकको आर्थिक सहयोगमा बन्न लागेको ९ किलोमीटर सडक र ५७ किलोमिटर सतह ढल निमार्ण र सुधारका लागी फाईनल डिजाईन तयार पारी सहमतीका लागी एडिबिमा पठाएको ।
- घर निमार्णका लागी भवन आचार संहिता प्रभावकारी रुपमा कार्यान्वयन गरिएको ।
- ६ वटा वडामा जगेडाकोष बाट एउटा वडामा कृर्षी सडक, अन्य बाकी वडाहरुमा आन्तरिक श्रोतको कार्यक्रमबाट बिकास निमार्णका योजनाहरु सम्पन्न भएको ।
- फोहरमैला ब्यवस्थापन अन्तरगत फोहरमैला प्रसोधन केन्द्र स्थापनाको लागी आबस्यक पर्ने बातावरणीय प्रभाव मुल्याङ्कन स्वीकृतीका लागी बातावरण मन्त्रालयमा पठाईएकोमा स्वकृतीको प्रकृयामा रहेको ।
- सहभागीता मुलक कार्यक्रम अन्तरगत ६० ।४० को योजनाहरु सम्पन्न भएको ।

# सामाजिक परीक्षण प्रस्तुतीका क्रममा उठेका प्रतिक्रियाहरु

**सोमराज शिक्देल, अध्यक्ष**
**ट्रान्सफरेन्सी ईन्टरनेशनल नेपाल, सिद्धार्थनगर**

नगरपालिकाले सानो बजेटमा ठुलो काम गरेको । नगरपालिकाले गरेको कामको प्रशंम्सा गर्नु पर्ने । नगरपालिकालाई कर तिरेका छौ । यो काम नगरपालिकाको हो भन्दै आफ्नै घर अगाडी फोहोर फाल्ने बानीको अन्त्य हुनु पर्ने ।

**भुवन पाण्डे**
**सिद्धार्थनगर नगरपालिका वडा नं ३**

नगरपालिकाबाट पाएको सानो  बजेटमा आफुले धेरै काम गरेको । नगरबासीमा काम गर्ने बानीको बिकास हुन आवस्यक रहेको । कर तिरेको छु भन्दैमा आफ्नै घर आगन अगाडी फोहोर फालेर बस्ने कामको अन्त्य नगरबासीले गर्नु पर्ने ।

**बिजय सागर, साहित्यकार**

बिद्युत, खानेपानी, दुरसंञ्चार संग समन्वय गरेर जथाभाबी सडक खन्ने बिषयमा ध्यान दिन आग्रह । नगर क्षेत्रमा ढलको व्यस्थापन एकदमै दयनीय भएकोले व्यवस्थीत गर्न सुझाव । पुस्तकालयमा अति गर्मि हुने हुँदा उचित व्यवस्थापन गर्नुपर्ने । शिक्षा, साहित्य लागायतका सामाजिक संघ, संस्थालाई सहयोगमा निरन्तरता हुनुपर्ने । पुस्तकालयमा अति गर्मि हुने हुँदा उचित व्यवस्थापन गर्नुपर्ने । शिक्षा, साहित्य लागायतका सामाजिक संघ संस्थालाई सहयोगमा निरन्तरता हुनुपर्ने । सार्वजनिक नालीहरुमा पानी नवग्ने भएको छ त्यस तर्फ ध्यान दिनुपर्ने । मिलनचोक देखि बर्मेलीटोल सम्म रोखेको बाल्टीमा फोहोर राख्ने चेतना मुलक कार्यक्रम राख्नुपर्ने । सवै वडामा स्वास्थ्य केन्द्रको स्थापना हुनपर्ने ।

**राजेन्द्र प्रसाद श्रेष्ठ, अध्यक्ष नेवाखल**

ढलमा ढक्कन राख्दा ढल सफाई गरेपछि मात्र राख्ने व्यवस्था गर्नुपर्ने र सार्वजनिक चौक (देवकोटा चोक, मिलन चोक, तथा बुद्धचोक) मा सार्वजनिक शौचालय बनाउनु पर्ने । नगर डुवानलाई कसरी बचाउन सकिन्छ त्यस तर्फ ध्यान दिनुपर्ने । फोहोरको उचित व्यवस्थापन गर्नुपर्ने । चेतनामुलक कार्यक्रम सञ्चालन गर्नु पर्ने । चर्पिमा सकपिट राख्ने नीति ल्याई सोको व्यवस्था मिलाउनु पर्ने ।

**हरीओम बिश्वकर्मा, दलित समन्वय समिती**

लक्षीत बर्गको बजेट सोही क्षेत्रमा खर्च गर्न सुझाब । लक्षित कार्यक्रमको लागी छुट्टायाईएको बजेट सोही समुदायमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्ने । वार्ड नं. २ मा १० टन भन्दा बढी गाडी चल्ने भएको हुँदा सडक जिर्ण भएकोले त्यस तर्फ ध्यान दिनुपर्ने ।

**प्रा.डा. गितु गिरी, नगरवासी**

नगरपालिकाले पर्यटन क्षेत्रको बिकासमा ध्यान दिनु पर्ने । बजेटमा पर्यटनका बिषयहरु समावेस गर्न आग्रह । विमानस्थल बनेपछि पर्यटक कसरी भित्राउने भन्ने योजना तर्जुमा गर्नुपर्नेमा जोड । देश तथा नगरकै आर्थिक विकासमा टेवा मिल्ने खालका पर्यटन संम्बन्धी कार्यक्रम ल्याउनु पर्ने ।

**दिपक क्षेत्री न्यौपाने**
**नेपाल रेडकस सोसाईटी रुपन्देहीका कोषाध्यक्ष**

खुल्ला दिशामुक्त क्षेत्र घोषणा अभियानमा अनुगमन पक्ष कमजोरी । शौचालय बनाएर अन्य काममा प्रयोग भएको पाईएकोले शौचालय शौचालयकै रुपमा प्रयोग हुनपर्ने । वडानं ७ मा रहेको सिद्धार्थ प्रा.वि. लाई बन्द हुने अवस्थाबाट बचाउन नगरपालिकाले ध्यान दिनु । बाल विवाह तथा बहु विवाहका बारेमा जनचेतना कार्यक्रम गर्नुपर्ने

**लक्ष्मण बैदवार**
**अध्यक्ष, उपभोक्ता हित संरक्षण मन्च**

पशु बधशालाको व्यवस्था गर्नुपर्ने र अव्यवस्थित रुपमा सञ्चालित मासु पसलहरुलाई कानुनी दायरामा ल्याउनु पर्ने । ढलको व्यस्थापन एकदमै दयनीय भएकोले व्यवस्थित गर्नुपर्ने । ढलमा ढक्कन राख्दा ढल सफाई गरेपछि मात्र राख्ने व्यवस्था गर्नुपर्ने । सडकको पानी ढलमा जान बन्द भएकोले पानी जाने व्यवस्था गर्नुपर्ने । सार्वजनिक चौक (देवकोटा चोक, मिलन चोक, तथा बुद्धचोक) मा सार्वजनिक शौचालय बनाउनुपर्ने ।

**उमा कफ्ले**
**हिमाली सादायिक प्रहरी, ७, ८ र ९**

बिद्यालय, व्यवास्थापन समिती र बिद्यार्थीहरुका लागी विद्यालयमा सरपसफाई संम्बन्धी चेतनामुलक कार्यक्रम गर्नु पर्ने । हरेक टोल टोलमा टोल सुधार समिती गठन गर्नु पर्ने । वडा वडामा सफाईकर्मि दिईनुपर्ने । हरियाली नगर बनाउन वृक्षारोपण अभियानमा लाग्नु पर्ने । नगर डुवानलाई कसरी बचाउन सकिन्छ त्यस तर्फ ध्यान दिनुपर्ने । फोहोरको उचित व्यवस्थापन गर्नुपर्ने । चेतनामुलक कार्यक्रम सञ्चालन गर्नु पर्ने । चर्पिमा सकपिट राख्ने नीति ल्याई सोको व्यवस्था मिलाउनु पर्ने । कुचिकारलाई वडामा ४/४ जना पर्ने गरी व्यवस्था मिलाउनु पर्ने । मुख्य मुख्य स्थानमा सोलार वत्ति राख्नुपर्ने । प्रत्येक योजनाका लागी अनुगमन समितिमा वाहिरको वासीन्दालाई राख्नुपर्ने । नालामा फोहोर फाल्नेलाई कारवाही एव रोक लगाउनु पर्ने ।

**गोबिन्द बस्याल, अध्यक्ष**
**सिद्धार्थ सामुदायिक सेवा समाज ५, १२ र १३**

स्थानीय स्वायत्त शासन ऐन २०५५ मा व्यवस्था भए बमोजिम उपभोक्ता संरक्षणको काम हुनु पर्ने । नगर डुवानलाई कसरी बचाउन सकिन्छ त्यस तर्फ ध्यान दिनुपर्ने, मासु पसलमा रहेको फोहोरको उचित व्यवस्थापन गर्नुपर्ने र चेतनामुलक कार्यक्रम सञ्चालन गर्नु पर्ने ।

**बिष्णु बहादुर थापा**
**सामुदायिक प्रहरी**

तरकारी बजार हिलाम्मे भएको छ त्यस तर्फ कसैको ध्यान गएको छैन । अबका दिन यस्तै रहे बर्षातको समयमा मायादेबि तरकारी बजार बन्द गर्नु पर्ने । तरकारी बजारलाई ठेकेदारले कबाडी खाना बनाए । मायादेवी तरकारी तथा फलफुल बजारलाई व्यवस्थीत रुपमा सञ्चालन गर्नुपर्ने । मायादेवी तरकारी तथा फलफुल बजारमा भत्काईएका सटरहरुको मर्मत छिटो छरितो रुपमा गर्नुपर्ने । सवै वडामा खुला मुक्त क्षेत्र घोषणा गर्नु पर्ने र घोषणा भएको क्षेत्रमा कार्यान्वयनका लागी अनुगमन गर्नु पर्ने । बजारमा हानिकारक तरकारी तथा उपभोग्य बस्तुको गुणस्तरका बारेमा प्रभावकारी रुपमा अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्ने ।

**देव सिंह गुरुङ.**
**सिद्धार्थनगर नगरपालिका वडा नं ९**

नगरपालिकाले सार्बजनिक जग्गा पहिचान गरी तार जाली गर्नु पर्ने । साथै नगरको ढल निकास र सरसफाईमा नगरपालिकाको ध्यान जानु पर्ने । जनचेतना मुलक कार्यक्रम ल्याउनुपर्ने ।

**सुरेन्द्र थापा**
**अध्यक्ष, बेलहीया गांउ समाज**

वार्ड नं. १ मा स्थापना भएका विभिन्न क्लवहरुले प्रभावकारी रुपमा काम गरेको हुँदा अन्य वडाहरुमा पनि यस्ता क्वलहरु स्थापन गरी सक्रिय बनाउनु पर्ने । बजेटको वाँडफाँड समानुपातिक रुपमा गर्नुपर्ने । सार्वजनिक नाली अतिक्रमण गर्ने क्रमलाई न्यूनीकरण गर्नु पर्ने ।

कार्यक्रम सिद्धार्थनगर नगरपालिकाका कार्यकारी अधिकृत टिकादत्त राईले सर्बसाधारणले राखेका प्रश्नहरुको जवाफ दिनु भएको थियो । कार्यकारी अधिकृत राईको अध्यक्षतामा सम्पन्न प्रतिबेदन सार्बजनिक गर्ने कार्यक्रममा भैरहवा मिडीया प्रा.ली. ले तयार गरेको सामाजिक परीक्षणको प्रारम्भिक प्रतिबेदन थानेश्वर पाण्डे र दिपेश पछाईले प्रस्तुतीकरण गर्नु भएको थियो । त्यसैगरी नगरपालिकाका बरिष्ठ ईन्जिनियर शैलेन्द्र श्रेष्ठले स्वागत तथा नगरपालिकाले संञ्चालन गरेका योजनाहरुको प्रतिबेदन प्रस्तुत गर्नु भएको थियो ।
नगरपालिकाका सुचना अधिकृत देब ज्ञवालीको संञ्चालनमा सम्पन्न कार्यक्रममा नगरपालिकाका बरिष्ठ अधिकृत गशेण बहादुर क्षेत्री, बरिष्ठ अधिकृत अधिकृत बिबेक खनाल, जिल्ला प्रशासन कार्यालय रुपन्देहीका अधिकृत सुरेन्द्र बस्याल, सामाजीक शाखा अधिकृत शेखर नाथ पन्थी लगायत न.पा. महाशाखा प्रमुख, शाखा प्रमुख, ईकाई प्रमुख तगायतका विभिन्न संघ संस्थाका व्यक्तित्वहरुको उल्लेख्य सहभागीता रहेको थियो ।

# सामाजिक परिक्षणका केही झलकहरु ।

















थानेश्वर पाण्डे
सामाजीक परिक्षक
भैरहवा मिडीया प्राली

मिति २०७१।०५।०३

## मिति २०७१।५।५ मा भएको सामाजिक परीक्षण गोष्ठिमा प्राप्त सुझाव तथा प्रतिक्रियाहरु

- ढलको व्यस्थापन एकदमै दयनीय भएकोले व्यवस्थीत गर्नुपर्ने ।
- ढलमा ढक्कन राख्दा ढल सफाई गरेपछि मात्र राख्ने व्यवस्था गर्नुपर्ने ।
- सडकको पानी ढलमा जान बन्द भएकोले पानी जाने व्यवस्था गर्नुपर्ने ।
- सार्वजनिक चौक (देवकोटा चोक, मिलन चोक, तथा बुद्धचोक) मा सार्वजनिक शौचालय बनाउनुपर्ने ।
- पुस्तकालयमा अति गर्मि हुने हुँदा उचित व्यवस्थापन गर्नुपर्ने ।
- शिक्षा, साहित्य लागायतका सामाजिक संघ संस्थालाई सहयोगमा निरन्तरता हुनुपर्ने ।
- सार्वजनिक नालीहरुमा पानी नवग्ने भएकोले त्यस तर्फ ध्यान दिनुपर्ने ।
- मिलनचोक देखि बर्मेलीटोल सम्म रोखेको बाल्टीमा फोहोर राख्ने चेतना मुलक कार्यक्रम राख्नुपर्ने ।
- सवै वडामा स्वास्थ्य केन्द्रको स्थापना हुनपर्ने ।
- लक्षीत कार्यक्रमको लागी छुट्टायाईएको बजेट सोही समुदायमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- वार्ड नं.२ मा १० टन भन्दा बढी गाडी चल्ने भएको हुँदा सडक जिर्ण भएकोले त्यस तर्फ ध्यान दिनुपर्ने ।
- वार्ड नं. २ मा पुलको सम्पूर्ण कार्य समयमा नै पुरा हुनु पर्ने ।
- तथ्याँक संकलन कार्य प्रभावकारी रुपमा गर्नुपर्ने ।
- पर्यटन, उद्योग, आदिको क्षेत्रमा लगानी गर्नुपर्ने ।
- बालबालिका तथा महिलाहरुको लागी सुधारगृहको व्यवस्था गर्नु पर्ने ।
- NGO तथा INGO को बारेमा जानकारी गराउनुपर्ने ।
- विमानस्थल बनेपछि पर्यटक कसरी भित्राउने भन्ने योजना तर्जुमा गर्नुपर्ने ।
- देश तथा नगरकै आर्थिक विकासमा टेवा मिल्ने खालका कार्यक्रम ल्याउनु पर्ने ।
- वार्ड नं. ३ मा सडक, ढल तथा सरसफाईमा विशेष ध्यान दिनुपर्ने ।
- पशु बधशालाको व्यवस्था गर्नुपर्ने ।
- पुस्तकालयमा पुस्तकहरुलाई व्यवस्थित गर्नुपर्ने ।
- स्थानीय स्वायत्त शासन ऐन २०५५ मा व्यवस्था भए बमोजिम उपभोक्ता संरक्षणको काम हुनु पर्ने ।
- नगर डुवानलाई कसरी बचाउन सकिन्छ त्यस तर्फ ध्यान दिनुपर्ने ।
- फोहोरको उचित व्यवस्थापन गर्नुपर्ने ।
- चेतनामुलक कार्यक्रम सञ्चालन गर्नु पर्ने ।
- चर्पिमा सकपिट राख्ने नीति ल्याई सोको व्यवस्था मिलाउनु पर्ने ।
- कुचिकारलाई प्रत्येक वडामा ४/४ जना पर्ने गरी व्यवस्था मिलाउनु पर्ने ।
- मुख्य मुख्य स्थानमा सोलार वत्ति राख्नुपर्ने ।
- प्रत्येक योजनाका लागी अनुगमन समितिमा कर्मचारी भन्दा वाहिरको वासीन्दालाई राख्नुपर्ने ।
- नालामा फोहोर फाल्नेलाई कारवाही गर्ने तथा त्यस्तो फोहोर फाल्न रोक लगाउनु पर्ने ।
- राजमार्गमा कवाडी पसललाई हटाउनुपर्ने ।
- वार्ड नं. १ को वडाको भवन अधुरो भएकोले पुरा गर्नु पर्ने ।
- सहयोग कक्ष Help Desk राख्नुपर्ने ।
- मायादेवी तरकारी तथा फलफुल बजारलाई व्यवस्थीत रुपमा सञ्चालन गर्नुपर्ने

- मायादेवी तरकारी तथा फलफुल बजारमा भत्काईएका सटरहरुको मर्मत छिटो छरितो रुपमा गर्नुपर्ने ।
- सवै वडामा खुला मुक्त क्षेत्र घोषणा गर्नु पर्ने र घोषणा भएको क्षेत्रमा कार्यान्वयनका लागी अनुगमन गर्नु पर्ने ।
- बजारमा हानिकारक तरकारी तथा उपभोग्य बस्तुको गुणस्तरका बारेमा प्रभावकारी रुपमा अनुगमन गर्नु व्यवस्था मिलाउनु पर्ने ।
- सडकको मापदण्डको बारेमा ध्यान दिनुपर्ने ।
- सडक पिच तथा ढल निर्माणको गुणस्तरमा ध्यान दिनुपर्ने ।
- सामाजिक परीक्षणमा भएका क्रमागत विषयहरुलाई मिलाउनु पर्ने ।
- शौचालय बनाएर अन्य काममा प्रयोग भएको पाईएकोले शौचालयको रुपमा प्रयोग हुनपर्ने ।
- सिद्धार्थ प्रा.वि. लाई बन्द हुने अवस्थाबाट बचाउन ध्यान दिनुपर्ने ।
- अव्यवस्थित मासु पसलको अनुगमन गर्नु पर्ने ।
- मासु पसल फोहोर स्थानबाट हटाउन पहल गर्नुपर्ने ।
- बाल विवाह तथा बहु विवाहका बारेमा जनचेतना कार्यक्रम गर्नुपर्ने ।
- खुला दिशा मुक्त नगर बनाउने विषयमा व्यापक रुपमा जनचेतना मुलक कार्यक्रम राख्नुपर्ने ।
- हरियाली नगर बनाउन वृक्षारोपण अभियानमा लाग्नु पर्ने ।
- टोल टोलमा विभिन्न समितिहरु बनाई टोल विकासमा सहयोग लिनुपर्ने ।
- वडा नं. १२ मा सफाई कर्मि वडा दिएपछि प्रभावकारी रुपमा काम भएको हुँदा अन्य वडामा पनि सोही बमोजिम काम गराउनु पर्ने ।
- वार्ड नं. १ मा स्थापना भएका विभिन्न क्लवहरुले प्रभावकारी रुपमा काम गरेको हुँदा अन्य वडाहरुमा पनि यस्ता क्वलहरु स्थापन गरी सक्रिय बनाउनु पर्ने ।
- बजेटको वाँडफाँड समानुपातिक रुपमा गर्नुपर्ने ।
- सार्वजनिक नाली अतिक्रमण गर्ने क्रमलाई न्यूनीकरण गर्नु पर्ने ।
- नगरपालिकाले मात्र एक्लो प्रयासबाट नगरविकास तथा जनचेतना कार्यक्रम गर्न सम्भव नहुने हुँदा नगरवासीले पनि आफ्नो दायित्व र कर्तव्य पालना गर्नुपर्ने ।

# सिद्धार्थनगर नगरपालिका कार्यालय

## बार्षिक समिक्षा गोष्ठि तथा सामाजिक परीक्षणका केही झलकहरु




कार्यक्रमको सभापति प्रमुख/का.अ. श्री टीकादत्त राई




स्वागत मन्तव्य दिदै ब.अ. श्री शैलेन्द्र प्रसाद श्रेष्ठ





कार्यक्रममा सहभागीहरु



समिक्षाको प्रस्तुति गर्दै ब.अ. श्री शैलेन्द्र प्रसाद श्रेष्ठ




सुझाव दिदै दिपक क्षेत्री न्यौपाने



सुझाव दिदै सुधाखर ज्ञवाली



सुझाव दिदै लक्ष्मण बैदवार




सुझाव दिदै उमा काफ्ले




सुझाव दिदै सोमराज सिग्देल






सुझाव राख्दै गोविन्द बस्याल

सुझाव राख्दै सुरेन्द्र क्षेत्री






सुझाव राख्दै विष्णु खनाल

सुझाव राख्दै देव सिंह गुरुङ्ग







मन्तव्य दिदै नेकपा माओवादीका नेता शंकर ज्ञवाली ⇧

मन्तव्य दिदै नेकपा मालेका नेता मोहन सिंह

राना






उठेका जिज्ञासामा जवाफ दिदै व.ई. शैलेन्द्र प्रसाद श्रेष्ठ



मन्तव्य दिदै नेकपा एमालेका नेता राम बहादुर श्रेष्ठ

उठेका जिज्ञासाहरु टिपोट गदै न.पा. का अधिकृत कर्मचारीहरु






मन्तव्य दिदै जिल्ला प्रशासन कार्यालयका शा.अ. सुरेन्द्र बस्याल

सि.न.पा. का सामाजिक परिचालकहरु






मन्तव्य दिदै सि.न.पा. का प्रमुख एवम कार्यकारी अधिकृत श्री टीकादत्त राई

उद्घोषक शा.अ. देव प्रसाद ज्ञवाली






सामाजिक परीक्षक थानेश्वर पाण्डे